मिति २०८१/०९/०२ गतेको सचिव बैठकका निर्णयहरू

१. यस अघिका सचिव बैठकले गरेका निर्णयहरू केही कार्यान्वयन भएका र केही कार्यान्वयनको क्रममा रहेका देखिएकोले कार्यान्वयनको क्रममा रहेका निर्णयलाई सबै निकायहरूले तदारुकताका साथ कार्यान्वयन गर्ने, गराउने।

२. सरकारी इमेलको प्रयोग एवम् सो को सुरक्षाका लागि सरकारी इमेल प्रणालीलाई अद्यावधिक गर्ने कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले शीघ्र अघि बढाउने।

३. सरकारी कार्यालयमा डिजिटल हस्ताक्षर प्रयोगका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र सूचना प्रविधि विभागले आवश्यक तयारी अगाडि बढाइ डिजिटल हस्ताक्षर सहितको एकीकृत कार्यालय व्यवस्थापन प्रणालीलाई आर्थिक वर्ष २०८२/०८३ को शुरुवातदेखि सबै सरकारी कार्यालयमा अनिवार्य लागू गर्ने व्यवस्था मिलाउने। साथै, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मा क्यूआर कोडमार्फत फाइल ट्र्याकिङ् गर्ने प्रणाली समावेश गरी यथाशीघ्र सबै निकायले प्रयोगमा ल्याउने गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र विद्युतीय सुशासन आयोगले समन्वयात्मक रुपमा कार्य गर्ने एवं यस सम्वन्धमा भएको प्रगति आगामी सचिव बैठकमा पेश गर्ने।

४. सार्वजनिक कार्यालयहरूका सूचना प्रणालीमा देखिएका कमजोरीलाई समाधान गर्न सूचना प्रविधि प्रणालीको परीक्षण (IT Audit) लाई प्रभावकारी बनाउने। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र विद्युतीय सुशासन आयोगले सबै सार्वजनिक निकायमा प्रयोग भएका सफ्टवेयरहरूको सुरक्षा परीक्षण (security audit) तीन (३) महिनाभित्र सम्पन्न गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्ने।

५. नागरिकलाई सेवा प्रदान गर्न एवं विकास निर्माणको कार्यलाई अगाडि बढाउन कुनै कार्यविधि/ निर्देशिकाले सम्वन्धित ऐन र नियमको भावना विपरित अनावश्यक ढिलाई र जटिलता सृजना गरेको भए सम्बन्धित मन्त्रालयहरूले त्यस्ता कार्यविधि र निर्देशिका खारेज गरी सेवा प्रवाह र कार्यसम्पादनमा सहजता र शीघ्रता कायम गर्नेतर्फ आवश्यक कारवाही अगाडि बढाउने।

६. संसदको आगामी हिउँदे अधिवेशनमा पेश गर्नुपर्ने आफ्नो मन्त्रालयसँग सम्वन्धित विधेयकको सूची सबै मन्त्रालयले तयार गरी नेपाल सरकारका मुख्यसचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सात (७) दिनभित्र उपलब्ध गराउने।

७. संयुक्त राष्ट्रसंघबाट डिसेम्वर २१ लाई विश्व ध्यान दिवस घोषणा भएको सन्दर्भमा उक्त दिन आगामी पौष ६ गते "विश्वव्यापी सद्भावका लागि आन्तरिक शान्ति (Inner Peace: Global Harmony)" भन्ने नाराका साथ विश्व ध्यान दिवस (World Meditation Day), २०८१ देशव्यापीरुपमा मनाउने। यसका लागि देहाय बमोजिम गर्ने:-

क. केन्द्रियस्तरमा नेपाली सैनिक मञ्च, टुँडिखेलमा विश्व ध्यान दिवस मनाउने व्यवस्था गर्न देहायबमोजिमको विश्व ध्यान दिवस आयोजक समिति गठन गर्ने।

| | | |
|---|---|---|
| १. | सचिव, शासकीय मामिला क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अध्यक्ष |

मुख्य सचिव

| | | |
|---|---|---|
| २. | सचिव, विकास व्यवस्थापन क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ३. | सचिव, कानुन तथा मानवअधिकार क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४. | सचिव (स्वास्थ्य), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ५. | सचिव, गृह मन्त्रालय | सदस्य |
| ६. | सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ७. | सचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ८. | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| ९. | सचिव, खानेपानी मन्त्रालय | सदस्य |
| १०. | सचिव, खेलकुद मन्त्रालय | सदस्य |
| ११. | रथी, नेपाली सेना | सदस्य |
| १२. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| १३. | महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल | सदस्य |
| १४. | अध्यक्ष, उद्योग वाणिज्य महासंघ | सदस्य |
| १५. | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| १६. | अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| १७. | सहसचिव, जनशक्ति व्यवस्थापन महाशाखा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

साथै, सबै प्रदेश, जिल्ला र स्थानीय तहमा भव्यताका साथ विश्व ध्यान दिवस मनाउनका लागि क्रमश: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पत्राचार र आवश्यक सहजीकरण गर्ने।

८. सबै मन्त्रालय/निकाय/कार्यालयहरूले वर्तमान सरकार गठन भएको दोश्रो एक सय दिनको समयावधिभित्र गर्नुपर्ने कार्यहरू तदारुकताका साथ अगाडी बढाउने।

९. सबै निकायहरूले आ-आफ्नो निकायसँग सम्बन्धित वार्षिक प्रतिवेदनहरू तत्काले वेबसाइटमार्फत सार्वजनिक गरी नागरिकको सूचनाको हकको सम्मान गर्ने।

१०. सबै सरकारी कार्यालयले वस्तु एवं सेवाको आपूर्ति एवं प्रयोग गर्दा प्रचलित कानुनको परिधिभित्र रही उपलब्ध भएसम्मका स्वदेशी उत्पादनलाई अनिवार्य रुपमा आपूर्ति एवं उपयोग गरी आन्तरिक उत्पादनको प्रवर्द्धन गर्ने।

मुख्य सचिव